आ.व. २०८२/०८३

बैठक संख्या: ०१

मितिः २०८२/०४/१६ गते, शुक्रवार

## राप्ती गाउँपालिकाको मिति २०८२/०४/१६ गतेको आ.व.२०८२/०८३ को पहिलो गाउँकार्यपालिका बैठकका प्रस्तावहरु:

| क सं | प्रस्तावको संक्षिप्त व्यहोरा | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | सरसफाईको विशेष अनुदान सम्बन्धमा । | संघीय सरकार विशेष अनुदान तर्फ सरसफाई केन्द्र व्यवस्थापन शिर्षकमा प्राप्त रकमलाई राप्ती गाउँपालिका वडा नं २ मा रहेको फोहोर व्यवस्थापन केन्द्रको आवश्यक व्यवस्थापनको लागि ब्रेकडाउन गर्ने । | |
| (२) | कार्यविधि संशोधन सम्बन्धमा । | पशुसेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ संशोधन गर्ने । | |
| (३) | माग आकृति फारम पठाउने सम्बन्धमा । | प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेश बुटवलको पत्रानुसार स्वीकृत दरबन्दी तेरिज भित्रका रिक्त पदहरुको माग आकृति फारम पठाउने । | |
| (४) | विविध विषयहरु । | विविध समसामयिक विषयहरु<br>• कवाडी कर सम्बन्धमा ।<br>• अन्य विविध | |

**निर्णयहरुः**

१. संघीय सरकार विशेष अनुदानमा सरसफाई केन्द्र व्यवस्थापन शिर्षकमा रु ८५,००,०००। (पचासी लाख) विनियोजन भएकोमा रासी गाउँपालिका वडा नं २ मा रहेको फोहोर व्यवस्थापन केन्द्रको व्यवस्थापनको लागि कन्वेयर मेसिन/ट्रिमेल स्क्रिन खरिद, फोहोर व्यवस्थापनको लागि क्षेत्र विस्तार, फोहोर व्यवस्थापन क्षेत्रको घेरावार र उक्त क्षेत्रमा फोहोरको असर रोक्न आवश्यक व्यवस्थापन लगायतका कार्यका लागि लागत अनुमान तयार गरी प्रकृया अगाडी बढाउने ।

२. पशुसेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ को नियम ६(१),ख मा रहेको कृत्रीम गर्वाधान कार्यक्रम सेवा शुल्क वापत रु ४०० उपलब्ध गराईनेछ भन्ने विषयलाई संशोधन गरी रु ५००। (पाँच सय) रुपैयाँ कायम गर्ने र जस मध्ये गाउँपालिकाबाट रु ४०० र कृषकले रु १०० उपलब्ध गराईनेछ भनि कायम गर्ने।

३. प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेश बुटवलको च. नं. १८ मिति २०८२/०४/०६ गतेको पत्रानुसार नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरे वमोजिमको दरवन्दी तेरिज भित्रका रिक्त रहेका तपसिलका पदहरुको माग आकृति फारम भरि प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलमा पठाउने ।

तपसिलः

| क्र सं | पद | तह | सेवा/समुह | रिक्त संख्या | माग गर्ने संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कृषि अधिकृत | ७/८ औं | नेपाल कृषि | १ | १ | |
| २. | आन्तरिक लेखा परीक्षक | पाँचौ | प्रशासन /लेखा | १ | १ | |
| ३. | पशु सेवा प्राविधिक | चौथो | भेट/ ला.पो.डे.डे | १ | १ | |
| ४. | प्रशासन सहायक | चौथो | प्रशासन/ सा.प्र. | ४ | २ | सरुवा सहमति प्रदान गरिएको । |
| ५. | असिस्टेन्ट सब ईन्जिनियर | चौथो | ईन्जि /सिभिल | ३ | ३ | |



Scanned with CamScanner

४. तपसिलका विविध समसामयिक विषयहरु

- रासी गाउँपालिकामा भूमि सेवा केन्द्रमा अमिन पदमा कार्यरत श्री हेमराज शर्मालाई भूमिक सेवा केन्द्र प्रमुखको जिम्मेवावरी प्रदान गर्ने र निजलाई सम्वत २०८२ श्रावण १ गते देखि लागु हुने गरी सहायक स्तर चौथो तह वा सो सरहको सुविधा (मासिक तलब स्केल रु ३२९०२।-) उपलब्ध गराउने ।
- रासी गाउँपालिकाको आ.व.२०८१/०८२ को सहकारीको प्रतिवेदन स्वीकृत गर्ने ।
- रासी गाउँपालिका र टेर विल्डर्स, कन्चनपुर विच रासी गाउँपालिकाको क्षेत्रभित्रवाट कवाडीकर, र जिवजन्तु कर असुली गर्ने सम्वन्धमा मिति २०८१ भाद्रमा रु. ५७५०००।(पाँच लाख पचहत्तर हजार) मा सम्झौता भएकोमा उक्त सम्झौताको बूँदा नं १० मा ठेक्का व्यवस्थापन गर्दा तोकिएको दररेटमा १० प्रतिशत बढाई अर्को आर्थिक बर्षको लागि पनि दोस्रो पक्षले यसै बमोजिमको ठेक्का सम्झौता गर्न चाहेमा पुनः १ बर्ष सम्म ठेक्का सम्झौता गर्न सक्ने व्यवस्था भए वमोजिम आ.व. <u>२०८२/०८३ को लागि</u> रु. ५,७५,०००।(पाँच लाख पचहत्तर हजार) कर वाहेकमा १० प्रतिशत हुन आउने रकम रु ५७,५००।(सन्ताउन्न हजार पाँच सय मात्र) थप गरी रु. ६,३२,५००।(छ लाख वत्तीस हजार पाँच सय मात्र) मा सम्झौता गर्न मिति २०८२ असार ३१ गतेको, ३२ औं गाउँकार्यपालिका बैठकवाट निर्णय भई मिति २०८२ श्रावण ७ गते सम्झौताको लागि उपस्थित हुन पत्राचार गरिएकोमा तोकिएको समय भित्र उक्त फर्म उपस्थित नभएकोले न्यूनतम अङ्क रु. ६,३२,५००।(छ लाख वत्तीस हजार पाँच सय मात्र) कायम गरी टेन्डर आह्वानको १५ दिने सूचना प्रकाशन गर्ने ।
- रासी गाउँपालिका र शुरभी दुग्ध उत्पादन तथा कृषि विकाश प्रा.लि. विच मुख्यमन्त्री नवप्रवर्धन साझेदारी कार्यक्रम अन्तर्गत लागत साझेदारीमा अदुवा/वेसार अद्योग संचालनको लागि मिति २०८०/१०/२३ गते सम्झौता भएको साथै मिति २०८१ असार १८ गते परियोजना संचालन सम्वन्धि विस्तृत साझेदारी पत्रमा हस्ताक्षर भएकोमा गाउँपालिकाद्वारा खरिद गरिएका सामाग्री हस्तान्तरण नभएको साथै उक्त परियोजना अगाडी वढाउन मार्ग प्रसस्त गर्न राय माग सहितको पत्र प्राप्त भएकोले उक्त सम्झौता भङ्ग गर्ने ।
- रासी गाउँपालिका वडा नं ४, ( नयाँगाउँ टोल) र रासी गाउँपालिका वडा नं. १, कटेशनाला (नमुनाटोल) मा वसोवास गरेका भूमिहिन दलित, भूमिहिन सुकुम्वासीको विवरण भूमि समस्या समाधान आयोगको लगत संकलन कार्यविधिको अनुसूची-१२ वमोजिमको ढाँचामा नापी कार्यालय लमही दाङ द्वारा प्रकाशित सूचना, रासी गाउँपालिका र सम्बन्धित वडामा टाँस गर्दा कुनै पनि उजुर वाजुर नपरेको हुँदा भूमि सम्वन्धी नियम २०२१, को अठारौं संशोधन नियमावली २०७७/९/६ को परिच्छेद-५ को दफा ४१ ख बमोजिम जग्गा उपलव्ध गराउन, भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीलाई जग्गा उपलब्ध गराउने कार्यविधि -२०८१, को अनुसूची -१ बमोजिमको ढाँचामा भूमी समस्या समाधान आयोग जिल्ला समिति दाङमा सिफारिस गरी पठाउने ।

आ.व. २०८२/०८३
बैठक संख्या: ०१
मिति: २०८२/०४/१६ गते, शुक्रबार

अनुसूची-१
(दफा ३को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)
(भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई उपलब्ध गराउने जग्गाको प्रस्तावित विवरण)

स्थानिय तहको नाम: राप्ती गाउँपालिका मिति:२०८२/४/१९
वडा न:०४
जग्गा रहेको स्थानिय तहको क्षेत्र (सहरी/सहरीबाहेक); सहरी बाहेक
भौगोलिक क्षेत्र (तराई तथा भित्री मधेश/हिमाल तथा पहाड); भित्री मधेश

| क.स. | परिवारमुलिको नाम थर | साबिक नक्सा नं. | कित्ता कोड | भोगचलन गरेको क्षेत्रफल | प्रयोजन | उपलब्ध गराउन सकिने जग्गाको अधिकतम क्षेत्रफल(व.मी) | उपलब्ध गराउने कित्ता (पुरै वा मध्ये) | उपलब्ध गराउने जम्मा क्षेत्रफल (व.मी) | अस्थायी कित्ता नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पर्ति | लालमटिया "८ग" | . | १७१३९.१२ | . | . | . | . | ४ |
| २ | मान बहादुर मल्ल | लालमटिया "८ग" | BS0043-1 | ६४९.९३ | आवाश | ३४० | मध्ये | ३४० | ३ |
| ३ | बिबा देवी नेपली | लालमटिया "८ग" | BD0027-1 | १६१२.६ | आवाश | ३४० | मध्ये | ३४० | १ |
| ४ | ठग बहादुर सार्की | लालमटिया "८ग" | BD0011-1 | ३६५.९३ | आवाश | ३४० | मध्ये | ३४० | २ |

अनुसूची-१
(दफा ३को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)
(भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई उपलब्ध गराउने जग्गाको प्रस्तावित विवरण)

स्थानिय तहको नाम: राप्ती गाउँपालिका मिति:२०८२/४/१९
वडा न:०१
जग्गा रहेको स्थानिय तहको क्षेत्र (सहरी/सहरीबाहेक); शहरी बाहेक
भौगोलिक क्षेत्र (तराई तथा भित्री मधेश/हिमाल तथा पहाड); भित्री मधेश

| क.स. | परिवारमुलिको नाम,थर | नक्सा नं. | कित्ता कोड | भोगचलन गरेको क्षेत्रफल | प्रयोजन | उपलब्ध गराउन सकिने जग्गाको अधिकतम क्षेत्रफल(व.मी) | उपलब्ध गराउने कित्ता (पुरै वा मध्ये) | उपलब्ध गराउने जम्मा क्षेत्रफल (व.मी) | अस्थायी कित्ता नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | एनुका नेपाली | लालमटिया "३त" | BD0001-1 | १७९.४५ | आवाश | १७९.४५ | पुरै | १७९.४५ | १ |
| २ | पर्ति | लालमटिया "३त" | . | १७१३९.१२ | . | . | . | . | २ |